बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
५ नं. प्रदेश, नेपाल

## आ.व. ०७६/७७ को लागि बर्दघाट नगरपालिकाको क्षेत्र भित्रको नदिजन्य पदार्थ (ढुंगा, गिटी, वालुवा आदी) उत्खनन् तथा विक्रि सम्बन्धी विद्युतिय वोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक  सूचना प्रकाशित मितिः २०७६/८/१६**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को, घ(६) तथा ५ नं प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयको नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि,२०७५ को दफा ७ बमोजिम यस बर्दघाट नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने तपसिलमा उल्लेखित खोलाको  तोकिएको दररेटमा ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले ठेक्का लिन इच्छुक कम्पनी वा फर्मले सूचनामा उल्लेख भएवमोजिम दस्तुर, निवेदन, आ.व. ०७६/७७ को लागि नविकरण भएको फर्मको फर्म वा कम्पनीको इजाजत पत्र , आय कर दर्ता प्रमाण पत्र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. ०७५/७६ सम्मको आयकर  कर चुक्ताको प्रमाण वा म्याद थप पत्रहरुको नोटरी पव्लीकबाट प्रमाणित प्रतिलिपीहरु संलग्न राखी www.bolpatra.gov.np/egp मार्फत विद्युतिय वोलपत्र ( E- Bidding) पेश गर्नको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

*तपशिल*

| *आय ठेक्का नं.* | *खोलाको नाम* | *सँकलन/उत्खनन् गर्नुपर्ने अनुमानित परिमाण घन फिटमा* | *विक्रि दर ( मु.अ.क.वाहेक* | *न्यूनतम अंक भ्याट वाहेक रु.* | *बोलपत्र दस्तुर रु.* |
|---|---|---|---|---|---|
| २-०७६/०७७ | गँगटी खोला, बर्दघाट न.पा. | १४,९९,८४९.२ ( क्यू.फुट) | रु ६.०० | ८९,९९,०९५.२ | ३००० |

***शर्तहरु:***

१. ठेक्का अवधि सम्झौता मिति देखी २०७७ साल जेष्ठ मसान्त सम्म कायम रहने छ ।

२) कार्यालयबाट प्रमाणित भएको वोलपत्र फाराम www.bolpatra.gov.np/egp बाट Download गरी तोकिएको दस्तुर रु ३००० रकम एन.आई.सी एसिया बर्दघाट शाखामा रहेको .हि.नं. ८३४१४९८४८२५२४००१ खातामा जम्मा गरेको  भौचर बोलपत्र साथ पेश गर्नु पर्नेछ । खरीद भएका बोलपत्रको  पानामा सही छाप, फर्मको नाम, ठेगाना र ठेक्काको नाम, कवोल अँक इत्यादी विवरण भरी मिति ०७६/९/१६ गते कार्यालय समय भित्र Download गरी मिति ०७६/९/१७ गते  १२:०० वजे सम्म UpLoad गर्न सकिने छ ।

३) पेश भएका टेण्डरहरु मिति ०७६/९/१७ गते  दिनको २:०० वजे ठेकेदार आफै वा ठेकेदारको प्रतिनिधीको रोहवरमा खोलीनेछ । सो सयमा ठेकेदार आफै वा ठेकेदारको प्रतिनिधिको उपस्थिति नभए पनि कार्यालयका प्रतिनिधीहरुको रोहवरमा टेण्डर खोल्न वाधा पर्नेछैन ।

४) टेण्डर फारम पेश गर्ने  र  खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमशः सो को भोली पल्ट कार्यालय खुलेको दिन मान्य हुनेछ ।

५)  पेश भएको  बोलपत्रमा निर्माण व्यावसायीको अनिवार्य सहि छाप गरी पेश गर्नु पर्नेछ ।

६) बोलपत्रमा कवुल रकम अंक र अक्षरमा स्पष्टसंग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

७) टेण्डर दाखिलाको लागि विड वण्ड मान्य हुने छैन, धरौटी वापत कवोल अंकको (VAT वाहेक) ५% ले हुने रकम एन.आई.सी एसिया बर्दघाट शाखामा रहेको .हि.नं. ८३४१४९८४८२५२४००४ खातामा जम्मा गरेको  भौचर

प्रमुख प्रशासकिय अधिकृत

समेत WWW.bolpatra.gov.np/egp मा वोलपत्रदाताको सहि छाप भएको वोलपत्र फाराम साथ पेश गर्नु पर्नेछ। कार्यालयको छाप नभएको र कार्यालयबाट प्रमाणित नभएको वोलपत्र फारामलाई मान्यता दिइने छैन।

८) ठेक्का लिए वापत ठेकेदारले नेपाल सरकार र अन्य निकायलाई बुझाउनु पर्ने सम्पूर्ण कर आफैले बुझाउनु पर्नेछ। उक्त करहरु किस्ता संगै अग्रिम बुझाउनु पर्नेछ ठेक्का रकम बाट घटाउन पाइनेछैन।

९) टेण्डर स्वीकृत भएको सूचना पाएको मितिले सात दिन भित्र कवोल अंकको १.५% अग्रिम आयकर तथा १३% मूल्य अभिवृद्धि कर (VAT) सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाउनु पर्नेछ। स्वीकृत ठेक्काको हकमा सम्झौता गर्दाको बखतमा ५०% रकम (नगदै) प्रथम किस्ता र बाँकी रकमको हकमा मान्यता प्राप्त क वर्गको बाणीज्य बैंकको भाद्र मसान्त सम्मको वैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ। बाँकी ५०% रकम वढीमा दुई किस्तामा बुझाउनु पर्नेछ, तेश्रो किस्ता वुझाउनु पर्ने अन्तिम म्याद २०७७ वैशाख मसान्त सम्म रहनेछ, अन्यथा वैंक जमानतबाट असुल उपर गरिनेछ।

१०) ठेकेदारले नदिजन्य पदार्थ उत्खनन् तथा विक्रि गर्दा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) प्रतिवेदनमा उल्लेख गरिएको परिमाण भन्दा वढी नहुने गरि उत्खनन् क्षेत्र १: २७°३७'१४.१४"N ८३°४८'२७.८४"E, उत्खनन् क्षेत्र २: २७°३७'५.२८"N ८३°४८'४७.०५"E, उत्खनन् क्षेत्र ३: २७°३६'५८.३७"N ८३°४९'१.५१."E, उत्खनन् क्षेत्र ४: २७°३६'५२.९३"N ८३°४९'१५.७७"E, उत्खनन् क्षेत्र ५: २७°३६' ५१.३४"N ८३°४९'३८.३१"E, उत्खनन् क्षेत्र ६: २७°३६'५२.४४"N ८३°४९'५७.०३"E, बाट प्रतिवेदनमा वार्षिक उत्खनन् गर्न सिफारिस गरिएको परिमाण जम्मा १४,९९,८४९.२ (क्यू.फुट) ) भन्दा वढी नहुने गरी उत्खनन् गर्नुपर्नेछ। उत्खनन/सँकलन गरेको नदिजन्य पदार्थहरु नदिकिनारामा घाटगद्दि गर्न पाइने छैन, तोकिएबमोजिमको घाटगद्दिको व्यवस्था वोलपत्रदाता आफैले गर्नुपर्नेछ यसको लागि तोकिएबमोजिम भन्दा वढी दररेट लिन पाइनेछैन।

११) नेपाल सरकार, प्रदेश सरकार र बर्दघाट नगरपालिकाले समय-समयमा जारी गरेको नीति, निर्देशन तथा आदेशको पालना गर्नु ठेकेदारको कर्तव्य हुनेछ।

१२) कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बर्दघाट नगरपालिकामा सुरक्षित रहने छ। साथै रीत नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

१३) ठेक्का कवोल गर्ने ठेकेदारले बर्दघाट नगरपालिकाले तोकेको कर उठाउदा प्रयोग गर्ने रसीदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई ती रसीदहरु यस कार्यालयबाट प्रमाणित गराई मात्र प्रयोग गर्नु पर्नेछ। प्रमाणीत नगरेको रसीदबाट कर उठाएको उजुरी वा जानकारी आएमा नियमानुसार कारवाही गरिनेछ।

१४) ठेकेदारले उठाउने कर, शुल्क कार्यालयद्धारा तोकिएको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ। राष्ट्रिय राजमार्ग तथा सहायक राजमार्गमा ढाट (तगारो) राखी कर उठाउन पाईने छैन। साथै दररेट सहितको साइनवोर्ड सबैले देख्ने गरी सम्बन्धित केन्द्रमै राख्नु पर्नेछ।

१५) ठेक्कामा कुनै विवाद भएमा बर्दघाट नगरपालिकाको निर्णय अन्तिम हुनेछ।

१६) यस सूचनामा नपरेका कुराहरु प्रचलित ऐन, नियम र कानून अनुसार हुनेछ।

१७) प्रचलित ऐन, नियम, कानून, सम्झौता र सूचनाको शर्तहरु विपरित कार्य गरेमा जुन सुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्ने छ र त्यसबाट कार्यालयलाई हुने हानी नोक्सानी ठेकेदारबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

१८) नगरपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति तथा फर्महरुको बोलपत्र स्वीकृत हुनेछैन।

१९) बोलपत्र सम्बन्धि विस्तृत विवरणको लागि कार्यालयको वेव साइट www.bardghatmun.gov.np/ मा तथा कार्यालय समय भित्र कार्यालयको फोन नं. ०७८-५८०४०७ मा सम्पर्क गर्न सकिने छ।

प्रमुख प्रशासकीय अधिकृत
बर्दघाट नगरपालिका

बर्दघाट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बर्दघाट, नवलपरासी
५ नं. प्रदेश
नेपाल

| ठेक्का | टेण्डर |
|---|---|

## बर्दघाट न.पा.को आय ठेक्काको विद्युतिय बोलपत्र फाराम

प्रथमपटक सूचनाप्रकाशितमिति: २०७६।८।१६ गते

| सि.नं. | विवरण | कबोल अंक (भ्याट तथा अग्रीम आय कर वाहेक) | | | धरौटी | कैफियत |
|---|---|---|---|---|---|---|
| | | न्यूनतमअंक रु. | अंकमा | अक्षरमा | | |
| १ | गँगटी खोला बाट निकासी हुने ढुङ्गा, गिट्टी तथा बालुवा | २२,२२,०५२.८ | | | | |

टेण्डर पेश गर्ने फर्मको :—

सहि/छाप :—

नाम, थर :—

ठेगाना :—

सम्पर्क नं :-

लिनपाउने दररेट:प्रतिघनफिट रु. ६।०० का दरले

**नोट**:

क) तोकिएको स्थल भन्दा अन्यत्रबाट नदीजन्यपदार्थ संकलन तथा उत्खनन् गर्न पाइने छैन ।

ख) टेण्डर स्वीकृत भएको सूचना पाएको मितिले सात दिन भित्र कबोल अंकको १.५ प्रतिशत अग्रिम आयकर, ५० प्रतिशतप्रथमकिस्तावापतको नगद रकमदाखिला र बाँकी रकमको बैंक ग्यारेन्टी पेश गरी सम्झौता पश्चात मात्र चलनपूर्जि दिइने छ अन्यथा धरौटी जफत हुनेछ ।

ग) दररेट पेश गर्दा संकलन स्थलको यथार्थ बुझि पेश गरेको भन्ने बुझिनेछ ।

घ) कुनै पनि बहाना वा कारणले किस्ता रकम मिन्हा हुने छैन ।

प्रमुख प्रशासकिय अधिकृत